मष्टा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड:२ संख्या:१ मिति: २०८१।१२।०१

## भाग-१

## मष्टा गाउँपालिका

## मष्टा गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५(पहिलो संशोधन)

**प्रस्तावना:** नेपालको संविधान अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मष्टा गाउँपालिका गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:** (१) यो ऐनको नाम "मष्टा गाउँपालिका प्रशासकीय कार्यविधि ऐन, २०७५ रहेको छ ।"

(२) यो ऐन मष्टा गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा:** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "ऐन" भन्नाले मष्टा गाउँपालिका प्रशासकीय कार्यविधि ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मष्टा गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले मष्टा गाउँपालिका सम्झनुपर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको गाउँसभा सम्झनुपर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

**३. नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेबारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त मष्टा गाउँकार्यपालिका आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्रधिकार भित्र पर्ने विषयमा मात्र बनाउन पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः** (१) संविधान ऐन, तथा यस ऐन अन्तर्गत बनेको

नियमाबलीकव अधिनमा रहि मष्टा गाउँ आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**प्रमाणीकरण मिति :२०८१।०९।२८**

**आज्ञाले**
**रमेश कुमार खड्का**
**नि. प्रमुख प्रशासकीय अधिकृत**